# मिति २०८२।११।१७ गते सर्वोच्च अदालतमा बेरितको आदेश बदर निवेदन दर्ता गरिएको।

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको आदेश | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा निवेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १) | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका पूर्व मन्त्री तथा संघीय संसद, प्रतिनिधि सभा (हाल विघटित) सदस्य रन्जिता श्रेष्ठ<br>मुद्दा नं.०८२-CR-००१५<br>आदेश मिति २०८२।११।१० | घुस रिसवत लिने दिने कार्य गरी भ्रष्टाचार गरेको। | प्रतिबादी रजिता श्रेष्ठ उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.७८,००,०००।- (अक्षरेपी अठहत्तर लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत जफत गरि पाउन र निज प्रतिवादी रन्जिता श्रेष्ठले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका पूर्व मन्त्री तथा संघीय संसद,प्रतिनिधि सभा(हाल विघटित) सदस्य पदमा रहेकोले निज प्रतिवादी रन्जिता श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय समेत हुन मागदाबी लिईएको छ। | **आदेशः**<br>प्रतिवादी रन्जिता श्रेष्ठबाट रु.५,००,०००।- (पाँचलाख रुपैयाँ) नगद धरौटी वा सो बराबरको बैंक जमानत लिई निजलाई तारिखमा राखी प्रस्तुत मुद्दा पुर्पक्ष गर्न तथा उल्लिखित माग गरिएको धरौटी रकम वा जमानत दिएमा तारिखमा राख्नु र नदिएमा विशेष अदालत नियमावली, २०८० को नियम ३० को उपनियम (२) बमोजिम निज प्रतिवादीलाई थुनुवा पूर्जी दिई थुनामा राख्न सम्बन्धित कारागार कार्यालयमा पठाइदिनु भन्ने समेत व्यहोराको आदेश भएको। | **उल्लिखित आधारहरु लिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीलाई धरौटी माग गर्ने गरी भएको आदेश देहायका आधार, कारणहरुबाट बदरबागी रहेको छ-**<br>**(क)** प्रस्तुत मुद्दाको वारदातको अवस्था हेर्दा, कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १६ दिप विर्ता जग्गाको सम्बन्धमा बादी दुर्गादिवी शाह र प्रतिवादी राजेन्द्रजंग राणा समेत भएको जग्गा खिचोला लिखत बदर मुद्दा र बादी दुर्गादिवी शाह र प्रतिवादी ना.सु. होम बहादुर थापा समेत भएको जालसाँजी मुद्दामा पश्चिम क्षेत्रीय अदालत, पोखराको मिति २०३१।१२।२९,गण्डकी अञ्चल अदालतको मिति २०३७।११।६ र पश्चिम क्षेत्रीय अदालत पोखराको २०४०।१०।३ मा भएको फैसला अनुसार नक्सा नं. २५, २६ र २८ को जग्गाहरु वादी दुर्गादिवी शाहको हक कायम हुने ठहरी फैसला भएको देखिन्छ।बादी दाबीको उक्त नक्सा नं. २५,२६ र २८ को जग्गा दुर्गादिवी शाहको हक कायम हुने ठहरी फैसला भई अन्तिम भएको बेहोरा जानकारीका लागि अनुरोध" भन्ने समेत बेहोराको उच्च अदालत, पोखराको च.नं. ०८०-०९-००५४७४, मिति २०८०।०९।२३ को पत्रद्वारा मालपोत कार्यालय, पोखरा, कास्कीलाई पत्र पठाएकोले फैसला कार्यान्यनको बाटो खुलेको देखिन्छ। उक्त फैसलामा उल्लिखित किल्ला भित्रको नक्सा नं. २५,२६ र २८ को जग्गा नामसारी दा.खा. गरी फैसला बमोजिम पुर्जा पाउँ भन्ने समेत बेहोराको दुर्गादिवी शाहको हकवालाहरु सुरज शाह ठकुरीले मिति २०८०/०९/०६ गते र गिता देवी शाह र सुनिल शाह ठकुरीले मिति २०८०/१०/२५ गते मालपोत कार्यालय कास्कीमा निवेदन दिएको समेत देखिन्छ। मिति २०८१।०२।२० गते जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं. १६ स्थित उक्त जग्गाको फैसलामा उल्लिखित नक्सा नं. २५, २६ र २८ को ६० % हकवालाहरुलाई र ४०% जग्गा दर्ता नामसारीको काम गर्ने विचौलिया व्यक्तिहरूले लिने शर्तमा दुर्गादिवी शाहको हकवाला सुरज शाह ठकुरी समेत र प्रतिवादी मध्येका तुल्सीराम बुढामगर समेतको विचमा करारनामा संझौता भएको देखिन्छ । सो कार्यको लागी प्रतिवादी मध्येकी याम कुमारी गुरुङको नाममा गरिमा विकास बैंकमा मिति २०८१/०२/२८ गते खाता नं. ००४११८०१२३८४५६००००००१ को खाता खोली सोमा प्रतिवादी तुल्सीराम बुढा मगरको सोही बैङ्कमा रहेको खाता नं. ०६५१०९०११४४३९६००००००१ बाट मिति २०८१/०२/२९ गते रु.१,००,०००००।-(एक करोड) र मिति २०८१/०२/३२ गते रु.७५,००,०००।-(पचहत्तर लाख) रुपैया जम्मा गरि जम्मा रु. १७५०००००।-रुपैया जम्मा गरेको देखिदा उच्च अदालत कास्कीको पत्र अनुसार मालपोत कार्यालय कास्कीवाट फैसला कार्यान्वयन गरि जग्गा दा.खा नामसारी गर्ने सरकारी कामको विषयमा घुस रकमको कारोवार भएको तथ्य स्थापित भएको छ।<br>तत्कालिन अवस्थामा मालपोत कार्यालय, कास्कीमा प्रमुख मालपोत अधिकृत पदमा प्रतिवादी रामचन्द्र अधिकारी रहेकोले निवेदकहरु सुनिल शाह ठकुरीसमेतले उक्त नक्सा नं. २५, २६ र २८ को जग्गा नामसारी दा.खा. सम्वन्धमा भएको फैसला कार्यान्वयनको लागी निवेदन दिएको अवस्थामा उक्त कार्यालयका प्रमुख प्रतिवादी रामचन्द्र अधिकारीको कारण सो काम प्रभावकारी रुपमा अगाडी बढ्न नसकेकोले निज दुर्गा देवी शाहका हकवाला निवेदक सुरज शाह ठकुरीले मालपोत कार्यालय, कास्कीको परिसरमा घरजग्गा व्यवसायी प्रतिवादी सुजन कुमार तामाङलाई भेटी फैसला बमोजिमको नक्सा नं. २५, २६ र २८ का जग्गा हकवालाहरुको नाममा नामसारी तथा दा.खा. गर्ने काममा सहजिकरण गरिदिन जिम्मा दिएको भन्ने बेहोरा निज सुरज शाह ठकुरीको अधिकारप्राप्त अधिकारी समक्ष गरेको वयान कागजको सवाल जवाफ नं. १७, साथै मालपोत कार्यालय र नापी कार्यालय धाउने क्रममा सुजन कुमार तामाङसँग भेट भई सहयोग गर्न भनी जग्गाको कुरा राखेपछि मालपोत कार्यालयका हाकिम प्रतिवादी रामचन्द्र अधिकारीसँग भेट गराई फाइल दर्ता गराई दिनु भयो, कामको जिम्मा निज प्रतिवादी सुजन कुमार तामाङलाई लगाएको थियो भन्ने समेत बेहोरा गितादेवी शाहको अधिकारप्राप्त अधिकारी समक्ष गरेको वयान कागजको सवाल जवाफ नं. १७ बाट खुल्न आएको देखिन्छ । उक्त जग्गा मालपोत कार्यालय |

कास्कीवाट जग्गा दर्ता दा.खा. नामसारी गराउने कार्यमा घरजग्गाको कारोवार गर्ने प्रतिवादी सुजन कुमार तामाङ समेतले फैसला वमोजिमका जग्गा दुर्गादेवी शाहका हकवालाको नाममा दर्ता तथा नामसारी हुन आएको जग्गा मध्ये ६० प्रतिशत हकवालाहरुलाई छाडी ४० प्रतिशत जग्गा आफुसमेतका प्रतिवादीहरुले लिने शर्तमा सम्पूर्ण जिम्मा (ठेक्का) लिएको अवस्थामा उक्त करार बमोजिमको कार्यसम्पन्न गर्ने गराउनेमा मुख्य भुमिकामा रहेका मालपोत कार्यालय, कास्कीका तत्कालीन प्रमुख मालपोत अधिकृत रामचन्द्र अधिकारीको सरुवा मालपोत कार्यालय लम्जुङ्गमा भएकोले थमौती गर्न गराउन निज प्रतिवादी रामचन्द्र अधिकारीले उच्च अदालत पाटनमा दर्ता गरे गराएको उत्प्रेषणसमेतको रिटमा आफू अनुकुलको आदेश नआए पश्चात मन्त्रालय स्तर बाटै निज रामचन्द्र अधिकारीको सरुवा थमौती गर्न यि प्रतिवादी भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका पूर्व मन्त्री तथा प्रतिनिधिसभा सदस्य रन्जिता श्रेष्ठ संलग्न रहेको देखिन्छ। यस विषयमा निज प्रतिवादी रन्जिता श्रेष्ठले प्रतिवादीहरू राज कुमार गुप्ता, रामचन्द्र अधिकारीसमेतलाई पटक पटक फोन सम्पर्क गरेको तथ्य निजहरुको मोवाइलहरुको डिजिटल फरेन्सिक युनिटवाट परीक्षण भई प्राप्त हुन आएको परिक्षण प्रतिवेदन एवं निज प्रतिवादी रन्जिता श्रेष्ठ समेत को WhatsApp विवरणमा आदान प्रदान भएको call, message सहितको विवरण, प्रतिवादीहरूले प्रयोग गर्ने मोवाइल नम्वरहरुको CDR र SMS को विवरण र मिसिल संलग्न श्रब्य/दृश्य रेकर्डहरू समेतवाट स्थापित भई रहेको देखिदा देखिदै उक्त भ्रष्टाचारजन्य कार्य गर्न सृजित विवादित जग्गा दर्ताको विषय, अदालतको फैसला नियमित रुपमा कार्यालयवाट कार्यान्यन हुनु पर्नेमा सो कार्य गर्न इन्कारी तथा ढिलाई गरि भ्रष्टाचारजन्य कसूर गर्ने परिस्थितिको निर्माण, सोको लागी घुस रिसवत वापतको रकमको लगानी तथा विवादित जग्गा दा.खा. गरे पछि ४०% जग्गा प्राप्त गर्न विचौलिया सुजन कुमार तामाङ्ग समेतवाट तयार भएको करार संझौता, सो जग्गा दा.खा गर्ने कार्यमा शुरु देखि नै संलग्न भई सो अनुसारको कार्य गर्न प्रतिबद्ध रहेका प्रमुख मालपोत अधिकृत प्रतिवादी रामचन्द्र अधिकारीको सरुवा, सो सरुवा थमौती गरि निज प्रतिवादी रामचन्द्र अधिकारीबाट कुनै पनि हालतमा उक्त जग्गा दा.खा गराउने कार्य गर्न गराउन प्रमुख भुमिकामा रहेकी प्रतिवादी रन्जिता श्रेष्ठको संलग्नता एवं निजले बिभिन्न बिधुतिय माध्यमबाट अन्य प्रतिवादीहरुसँग गरेको Conversation समेतका तत्काल प्राप्त प्रमाणहरुको आधारमा विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पछ गर्ने आदेश गर्नु पर्ने सो प्रमाणहरुको विश्लेषण नगरि निज प्रतिवादी रन्जिता श्रेष्ठलाई आधार कारण रहित तवरले तजविजी रुपमा रु. ५०००००।- धरौटी माग गरि भएको आदेश प्रारम्भिक रुप मै त्रुटिपुर्ण देखिदा बदर भागी छ।

**(ख)** मालपोत कार्यालय कास्कीबाट उक्त नक्सा नं. २५, २६ र २८ का जग्गा हकवालाहरुको नाममा नामसारी तथा दा.खा. गर्ने गराउने कार्यको लागी मिति २०८१।०२।२० गते प्रतिवादी सुजन कुमार तामाङ्ग समेतको रोहवरमा स्व. दुर्गा देवी शाहको हकवाला सुरज शाह ठकुरी समेत र याम कुमारी गुरुङ समेतको विचमा भएको करार संझौता बमोजिमको काम गराउनको लागी भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका पूर्व मन्त्री तथा संघीय संसद प्रतिनिधी सभा सदस्य प्रतिवादी रन्जिता श्रेष्ठ, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रायलका तत्कालिन मन्त्री प्रतिवादी राजकुमार गुप्ता समेतका प्रतिवादीहरुले पदको दुरुपयोग गरी मालपोत कार्यालय कास्कीमा सरुवा भई आएका प्रमुख मालपोत अधिकृत चिरञ्जिवी पौडेललाई भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयवाट अन्य मन्त्रालय वा मातहतमा सरुवा गरी गराई प्रतिवादी रामचन्द्र अधिकारीलाई मालपोत कार्यालय कास्की मै सरुवा थमौतीको लागि आवश्यक सहजीकरण गर्न गराउन रु.५३,००,०००।-(अक्षरेपी त्रिपन्न लाख) र सोही समयमा भूमि समस्या समाधान आयोग कास्कीको अध्यक्ष पदमा नियुक्ति गर्ने निर्णय भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयवाट हुन लागेको अवस्था रहेकोले घर जग्गा व्यवसायी तथा सुकुम्वासी भनी चिनाउने प्रतिवादी सुजन कुमार तामाङ समेतले अन्य प्रतिवादीहरु याम कुमारी गुरुङ, तुल्सीराम बुढा मगर र खम वहादुर पुन सँगको मिलेमतोमा उक्त अध्यक्ष पदमा आफू अनुकुलको व्यक्ति प्रतिवादी खम वहादुर पुनलाई नियुक्तसमेतको लागि सहजिकरण गर्न गराउन रु.२५,००,०००।-(अक्षरेपी पच्चीस लाख) समेत गरी जम्मा रु.७८,००,०००।-(अक्षेरपी अठहत्तर लाख) बराबरको घुस रिसवत रकम डिल भई उक्त रकम यि प्रतिवादी रन्जिता श्रेष्ठ, राजकुमार गुप्तासमेतले लिएको तथ्य मिसील संलग्न उजुरी निवेदन तथा

निवेदनसाथ पेश गरेको घुस रिसवत सँग सम्वन्धित श्रव्य/दृश्य सहितको पेन ड्राइभ, उजुरीसाथ प्राप्त घुस रिसवतसँग सम्वन्धित श्रष्य/दृश्य रेकर्डहरु, मालपोत कार्यालय कास्कीका प्रमुख मालपोत अधिकृत रामचन्द्र अधिकारीको निवास रहेको कोठामा खिचिएको नोटहरुको फोटो, सो नोटहरुको नम्वरहरुको फोटो, नगद राखेको झोलाहरुको फोटो, नगद गणना गर्दै गरेको फोटो, मिसिल संलग्न श्रव्य/दृश्य रेकर्डहरू, प्रतिवादीहरुले गरेको श्रव्य/दृश्यको स्क्रिप्ट राईटिङ सनाखत कागज, प्रतिवादीहरु राजकुमार गुप्ता, रन्जिता श्रेष्ठ, रामचन्द्र अधिकारी, सुजन कुमार तामाङ, याम कुमारी गुरुङ, तुल्सीराम बुढा मगरसमेतले प्रयोग गर्ने मोबाइल नम्वरहरूको Call Details Report (CDR), SMS & User Details, Tower Location सहितको विवरण, CDR/Location को Link Chart, प्रतिवादीहरू राजकुमार गुप्तासमेतको मोबाइल परीक्षण प्रतिवेदन, डिजिटल फरेन्सिक युनिटको श्रव्य/दृश्य छेडखानी सम्वन्धी परिक्षण प्रतिवेदन, नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, डिजिटल फरेन्सिक ल्याबको स्वर (Voice Spectrum Analysis-VSA) परीक्षण प्रतिवेदन, प्रतिवादी रन्जिता श्रेष्ठ समेतले पोलिग्राफ परीक्षण गर्न इन्कार गरेको प्रतिवेदन समेतवाट स्थापित भई रहेको अवस्था देखिदा देखिदै यसरी घुस रकम लिई विचौलियाको भुमिकामा रही कार्य गर्ने पूर्व भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री रन्जिता श्रेष्ठलाई मिशिल संलग्न उपरोक्त तत्काल प्राप्त प्रमाण समेतका आधारमा विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेमा निज प्रतिवादी उपर लिईएको सजायको मागदावी, निजले कारोवार गरेको घुसरिसवतको विगो रकम र निजलाई हुन सक्ने सजाय समेतको विश्लेषण नगरि दाबी गरिएको विगोको तुलनामा अत्यन्त न्युन रु.५०००००।-का धरौटी वा जमानत माग गरि भएको आदेश वेरितको देखिंदा बदर भागी छ ।

**(ग)** प्रस्तुत मुद्दामा मालपोत कार्यालय कास्कीका तत्कालिन प्रमुख मालपोत अधिकृत रामचन्द्र अधिकारीको सरुवा थमौतीको लागी घरजग्गा व्यवसायीवाट ५३ लाख रुपैया र भूमि आयोगको सदस्य बनाउनका लागि २५ लाख रुपैया गरि जम्मा रु. ७८०००००।— (अठहत्तर लाख) रुपैया पूर्व मन्त्री तथा संघीय संसद प्रतिनिधी सभा सदस्य प्रतिवादी रन्जिता श्रेष्ठ, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रायलका तत्कालिन मन्त्री प्रतिवादी राजकुमार गुप्ता समेतले घुस डिल गरेको भन्ने समेत व्यहोराको उजुरी र सो साथ प्राप्त अडियो समेतका प्रमाणहरु, घुस रिसवत वापतको रकमको नोट नम्बर र फोटो एवं अडियो/भिडियो रहेको पेनड्राईभ समेतका प्राप्त प्रमाणको आधारमा अनुसन्धान गर्दा मिसिल संलग्न अडियो/भिडियो रेकर्ड परिचयात्मक चिन्ह R मा भएको अडियो/भिडियो (अडियो नं.१) मा भएको संवाद हेर्दा तल तालिका नं. १ मा उल्लेख भए वमोजिम घुस रिसवत लेनदेन सम्बन्धी संवाद भएको देखिन्छ । भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका पूर्व मन्त्री तथा संघीय संसद प्रतिनिधि सभा सदस्य रन्जिता श्रेष्ठ, सुजन कुमार तामाङ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका तत्कालिन मन्त्री राज कुमार गुप्ता वीच भएको संवादको अंश तल तालिकामा उल्लेख गरिएको छ ।

**प्रतिवादीहरु सुजन कुमार तामाङ, राज कुमार गुप्ता र रन्जिता श्रेष्ठ वीचको घुस रिसवत सम्वन्धी संवाद**[1]

| नाम, थर | संवादको विवरण |
|---|---|
| सुजन कुमार तामाङ | मन्त्रीज्यू म मगाईदिन्छु र तपाई राख्नु |
| राज कुमार गुप्ता | राख्ने होइन उल्लाई विहानै दिएर पठाउने ।राख्ने होइन उल्लाई भोली बिहानै दिएर पठाउनु पर्छ । सम्बन्धित ठाउँमा पुर्याईदिन्छ । |
| राज कुमार गुप्ता | ह्विस्की खाने ? |
| सुजन कुमार तामाङ | नखाने के मन्त्रीज्यू, मैले कैले खादिन के । |

[1] आरोपपत्रको पृष्ठ नंमा संलग्न रहेको तालिका ११३ .

| | |
|---|---|
| सुजन कुमार तामाङ | सुन्नु न मन्त्रीज्यू, त्यो बलरामलाई भनौं न। बरु त्यो म २० म बुझाईदिउला के खेमका लागि भोली फस्ट आवरमै बुझाईदिन्छु त्यो पनि । भन्दिनु त बलरामलाई |
| राज कुमार गुप्ता | बलरामले उसित पैसा खाईसक्या छ, बलरामले गर्दैन । |
| सुजन कुमार तामाङ | त्यो होईन क्या आयोगको कुरा गरिराको छु के तपाईसँग। |
| सुजन कुमार तामाङ | खेम पुनको लागी के २० म बुझाईदिन्छु के । भन्दिनु त बलरामलाई भन्दिनु त मन्त्रीज्यू । |
| **रन्जिता श्रेष्ठ** | **छोराको तिथीको बर्थडे छ उल्लाई मन्दिर लानु छ ।तिथीमा भा होइन त। त्यो स्वास्थानी पुर्णिमाको त्यसपछि पशुपति जानु छ । त्यहाँबाट ममिकोमा सगुन लिन जानु छ ।भोली २९ गते अन्तिम दिन ।** |
| सुजन कुमार तामाङ | भोली दिनको हुन्छ । शपथ ग्रहण अनि तपाई चुप लागेर बस्नुस त । |
| **रन्जिता श्रेष्ठ** | **तपाईकै अघि भनिरहेको छु त। हजुरले मन्त्रीज्यूले एकचोटी भन्दिनु बलरामलाई भनिस्यो न त्यहि पनि नमान्ने नि हुन्छ । कल्ले भनेको मान्छ ....** |
| **रन्जिता श्रेष्ठ** | **मन्त्रीज्यू मन्त्रीज्यू ले भनेको त मानिहाल्छन् नि ।** |
| राज कुमार गुप्ता | अब अहिले मन्त्रालयमा छ । यहाँ हुन्थ्यो भने आईहाल्थ्यो तिनपाने रक्सी खान। |
| **रन्जिता श्रेष्ठ** | **ए कल्ले भनेको मान्छ के उल्ले मन्त्रीहरुले भनेको नमाने ।** |
| राज कुमार गुप्ता | उल्लाई फोन गर्नुस भूमि आयोगको अध्यक्षको लागि कास्की हैन |
| सुजन कुमार तामाङ | कास्की खेम बहादुर पुन |
| राज कुमार गुप्ता | कास्कीको जिल्ला कमिटिले सिफारिस गरेको छ । |
| सुजन कुमार तामाङ | प्रदेशले निर्णय गरेर पठाईदिया छ । |
| राज कुमार गुप्ता | प्रदेशले नि गर्याछ भनेपछि त्यो पक्का हो ।त्यो पनि  शंका छ गढबढ हुन्छ कति छ भोलिकै काम |
| सुजन कुमार तामाङ | १ बजे शपथ ग्रहण छ । |
| राज कुमार गुप्ता | (फोनमा कुरा गर्न थाल्छन) अहिले निस्कनु न बाबा गाडी आईराछ मन्त्रालयबाट । भेट हुन्छ । आउनु न म बोतल दिन्छु लिएर जानु खुवाईदिनु उहाँको ओके गराईदिनु । माल कति लिन्छ अहिले लिइदिने । त्यो नियमले मिल्ने रहेछ, जिल्ला कमिटिले सिफारिस गर्या छ प्रदेश सिफारिस... । |
| **रन्जिता श्रेष्ठ** | **डिलकै गरौ** |
| सुजन कुमार तामाङ | भन्नु न डिल गरौं भन्नु त ।मन्त्री ज्यू यसो गर्छु सुन्नुस मैले अहिले १५ छोड्छु १० चाहिँ बिहान ल्याएर दिन्छु त्यो अदालतको । त्यो यसो हो अदालतको भनेको...पर्सि उहाँले उहाँले सामान्यबाटै गर्दिनुहुन्छ । |
| **रन्जिता श्रेष्ठ** | **मन्त्रीज्यूका हातमा दिउँ** ? |
| सुजन कुमार तामाङ | मन्त्रीज्यूले एस/नो भनेर आउछ रे के उहाँहरुलाई केही आउँदैन ।त्यो पोखराको जग्गाले हामीलाई टुलुटुलु हेरिराछ मन्त्रीज्यू अनि हामी यहाँ हेरेर यसरी बसेर हुन्छ। |
| राज कुमार गुप्ता | अनि यो १५ महिनामा के हेरीराछ त |
| सुजन कुमार तामाङ | गरेछ त अलिअलि काम त |
| सुजन कुमार तामाङ | १५ गरौं १५ गरिदिन्छ रे । नकराउनु न तपाईं.... भोलि गर्दिन्छ क्या.. मलाई पोखरा २५ मै... । |

| | |
|---|---|
| राज कुमार गुप्ता | के खानु हुन्छ त ? |
| राज कुमार गुप्ता | माछा खानुहुन्छ ? |
| सुजन कुमार तामाङ | माछा मछली केही नखाने अब माझिकुनामा माछा खान जाने तपाईले काम गरेछि... ल हुन्छ हुन्छ । गर्दिए सबै गर्दिए । |

माथि उल्लिखित तालिकामा विस्तृत विश्लेषण गरिए वमोजिम यि प्रतिवादी रन्जिता श्रेष्ठ समेत वीच भएको संवाद हेर्दा भूमि समस्या समाधान आयोग कास्कीको अध्यक्ष पदमा प्रतिवादी खम बहादुर पुनलाई नियुक्ति गर्ने, प्रतिवादी रामचन्द्र अधिकारीको सरुवा थमौती र दुर्गादिवी शाहको हकवालाको नाममा फैसला वमोजिमका जग्गा दर्ता तथा नामसारी गर्ने विषयमा घुस रिसवत लिने दिने सम्बन्धमा कुराकानी एवं संवाद भएको स्पष्ट देखिन्छ। अनुसन्धान अधिकृतको रोहवरमा उतार गरिएको श्रव्य/दृश्यको स्क्रिप्ट राइटिङमा मिति २०८२।०४।०६ गते प्रतिवादीहरु राज कुमार गुप्ता र सुजन कुमार लामाले र मिति २०८२।०४।०७ गते प्रतिवादी रन्जिता श्रेष्ठले उक्त श्रव्य/दृश्यको स्क्रिप्ट राइटिङ मा भएको बेहोरा आफ्नो रहेको भनि सनाखत गरेको मिसिल संलग्न कागजबाट देखिन्छ । प्रतिवादी सुजन कुमार तामाङले अधिकारप्राप्त अधिकारी समक्ष गरेको वयानमा उक्त श्रव्य/दृश्य रेकर्डमा वोलेको स्वर यि प्रतिवादी रन्जिता श्रेष्ठ समेतले वोलेको हो भनी आफू समेत सावित भई निज प्रतिवादी रन्जिता श्रेष्ठ समेतलाई पोल गरेको देखिदा उक्त घुस रिसवतको कारोवारमा यि प्रतिवादी रन्जिता श्रेष्ठको प्रत्यक्ष संलग्नता रहेको तथ्य स्थापित भएको छ।

यसै गरि मिसिल संलग्न परिचयात्मक चिन्ह R मा भएको अडियो/भिडियो (अडियो नं.१) मा भएको अडियो/भिडियो रेकर्ड रहेको Pen drive थान -१ (एक) को Hash Value (MD५) परीक्षण गर्दा श्रव्य/दृश्यमा कुनै छेडखानी नभएको (Extraction File data integrity-intact) भन्ने बेहोराको डिजिटल फरेन्सिक यूनिटको परीक्षण प्रतिवेदनबाट देखिन्छ । प्रतिवादी रन्जिता श्रेष्ठको "उक्त Software को comparison Result अनुसार परिचयात्मक चिन्ह "R" र परिचयात्मक चिन्ह "A" File name:- Swor Namuna Of Ranjita Shrestha को स्वर Compare गर्दा Match probability ६३.८% देखिएकोले दुवै स्वर एक आपसमा मेल खाएको देखिन्छ भन्ने समेत बेहोराको नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, डिजिटल फरेन्सिक ल्यावबाट प्राप्त भएको मिसिल संलग्न स्वर परिक्षण प्रतिवेदन (VSA Report) बाट समेत पुष्टि भएको देखिदा श्रव्य/दृश्यमा भएको स्वर यि प्रतिवादी रन्जिता श्रेष्ठ समेतको हो भन्ने कुरा विवादरहित तबरले पुष्टी हुन आएको देखिन्छ। मिति २०८१।०९।२८ गते रेकर्ड भएको उक्त श्रव्य/दृश्य रेकर्डमा भएको संवाद हेर्दा मिति २०८१।०९।२८ गते र ऐ. २९ गते प्रतिवादीहरु राज कुमार गुप्ता, सुजन कुमार तामाङ र रन्जिता श्रेष्ठ बीच माथि उल्लेखित जग्गा दा.खा तथा नामसारीको कार्य गर्न गराउन घुस रिसवतको लेनदेन भएको तथ्य थप पुष्टि भएको देखिन्छ। मिसिल संलग्न अडियो/भिडियो रेकर्ड परिचयात्मक चिन्ह R मा भएको दोस्रो अडियो/भिडियो (अडियो नं. २) र परिचयात्मक चिन्ह R मा भएको तेस्रो अडियो/भिडियो (अडियो नं. ३) मा भएको संवाद हेर्दा तल तालिकामा उल्लेख भए वमोजिम टेलिफोनमा संवाद भएको देखिन्छ। यि प्रतिवादी रन्जिता श्रेष्ठले अर्को कुनै अमुक व्यक्ति/पत्रकार सँग यसै विषयमा भएको अडियो संवाद हेर्दा निम्न विवरण उल्लेख भएको देखिन्छ।

**प्रतिवादी रन्जिता श्रेष्ठको घुस रिसवत सँग सम्वन्धीत संवाद**[2]

| नाम थर | संवादको बेहोरा |
|---|---|
| अर्को कुनै व्यक्ती | यहाँ हाम्रो सुजन जी पनि यतै हुनुहुन्छ यो सामान्य प्रशासन मन्त्रीले उहाँलाई धेरै दुःख दिएछ अनि तपाई पनि त्यसको साक्षी हुँनुहुँदो रहेछ यो के भाको अलिकति सोध्न पाए हुन्थ्यो भनेर ? |
| रन्जिता श्रेष्ठ | दुःख दिएको त दुखै दिएको हो काम गर्दिन्छु भनेर नगरिदिएपछि त दुःख हैन त |

[2] आरोपपत्रको पृष्ठ नं११ .६ मा संलग्न रहेको तालिका

| | |
|---|---|
| अर्को कुनै व्यक्ती | त्यै त कति पैसा जति दिनु भा को Exact |
| रन्जिता श्रेष्ठ | सुजन जीलाई सोध्नुस न |
| अर्को कुनै व्यक्ती | ए, ए जेहोस उहाँले पैसा लिएर काम नगरिदिएको त हो नि हैन । त्यै चै हो नि |
| रन्जिता श्रेष्ठ | .... ल त्यो कुरा सुजन सरलाई सोध्नुहोला |
| रन्जिता श्रेष्ठ | सामान्य मन्त्रीज्यूलाई फोन गरेर के हो भनेर सोध्नुहोला नि है |
| अर्को कुनै व्यक्ती | उहाँलाई नि सोधे मैले अनि तपाई पनि त्यसको साक्षी हुनुहुँदो रछ उहाँलाई अन्याय हुँदाखेरी सँगसँगै हिड्नु भा रछ त्यो भर मैले सोधे |
| रन्जिता श्रेष्ठ | दुनिया नै साक्षी छन् नि म मात्र के को साक्षी हो सोध्नु होला नि त |

माथि तालिकामा विस्तृत विश्लेषण गरिए वमोजिम प्रतिवादी रन्जिता श्रेष्ठसँग भएको टेलिफोन संवाद हेर्दा प्रतिवादी राज कुमार गुप्ताले घुस रिसवत लिई काम नगरी दुःखः दिएको भन्ने स्पष्ट देखिन्छ । अनुसन्धान अधिकृतको रोहबरमा उक्त श्रव्य/दृश्यको स्क्रिप्ट राइटिङ उतारमा मिति २०८२।०४।११ गते प्रतिवादी रन्जिता श्रेष्ठले सनाखत गरेको देखिन्छ । उक्त श्रव्य/दृश्यमा वोलेको आवाज आफ्नो रहेको भनी प्रतिवादी रन्जिता श्रेष्ठले अधिकारप्राप्त अधिकारी समक्ष गरेको वयानमा स्वीकार समेत गरेको देखिन्छ। परिचयात्मक चिन्ह R मा भएको दोस्रो अडियो/भिडियो (अडियो नं. २) र परिचयात्मक चिन्ह R मा भएको तेस्रो अडियो/भिडियो (अडियो नं.३) मा रहेको अडियो/भिडियो रेकर्ड रहेको Pen drive थान -१ (एक) को Hash Value (MD५) परीक्षण गर्दा श्रव्य/दृश्यमा कुनै छेडखानी नभएको (Extraction File data integrity-intact) भन्ने बेहोराको मिसिल संलग्न डिजिटल फरेन्सिक यूनिटको परीक्षण प्रतिवेदनबाट देखिन्छ। माथि उल्लिखित अडियो नं. २ र ३ मा रहेको अडियो/भिडियो रेकर्ड नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, डिजिटल फरेन्सिक ल्यावबाट भएको परीक्षणको प्रतिवेदनमा प्रतिवादी रन्जिता श्रेष्ठको "परिचयात्मक चिन्ह "F" File Name: Swor Namuna Ranjita Shrestha मा भएको स्वर र परिचयात्मक चिन्ह R को स्वर Compare गर्दा Match Probability ५१.९% देखिएकोले दुवै स्वर एकआपसमा मेल खाएको देखिन्छ" भन्ने समेत बेहोराको परीक्षण प्रतिवेदन प्राप्त भएकोले निज प्रतिवादी रन्जिता श्रेष्ठको स्वर हो भन्ने तथ्य शंकारहित तबरले पुष्टी भएको देखिदा उक्त विधुतिय माध्यमवाट संकलित तथा सुरक्षित प्रमाणलाई **राम बहादुर थापा विरुद्ध नेपाल सरकार, घुस रिसवत लिई भ्रष्टाचार गरेको**[३] मुद्दामा सम्मानित सर्वोच्च अदालतवाट "सिडि लगायत विधुतिय माध्यमवाट संकलित प्रमाणलाई मुद्दामा प्रमाणको रुपमा ग्रहन गर्न मिल्दैन भन्ने अवश्य होइन। विज्ञान र प्रविधिको क्षेत्रमा भएको अभुतपूर्व विकास र थपिएका अनेकौ नवीनतम आयामहरुलाई न्याय निरुपणका सन्दर्भमा अदालतले अनदेखा गर्न नहुने" भनि प्रतिपादित सिद्धान्त समेतको आधारमा तत्काल प्राप्त प्रमाणमा ग्रहण गरि निज प्रतिवादीलाई थुनामा राखि मुद्दाको पुर्पक्ष गर्नु पर्नेमा सामान्य धरौटी माग गरि भएको आदेश त्रुटिपुर्ण देखिदा बदर भागी छ।

**(घ)** यि प्रतिवादी रन्जिता श्रेष्ठले प्रयोग गर्ने मोवाइल नम्बरहरु ९८५१३५५२७७ र ९८५१२४९९५४, प्रतिवादी सुजन कुमार तामाङले प्रयोग गर्ने मोवाइल नम्वर ९८५६०७४२१२, प्रतिवादी राज कुमार गुप्ताले प्रयोग गर्ने मोवाइल नम्बरहरु ९८५५०२३५५१ र ९८५१२४५५५१, प्रतिवादी याम कुमारी गुरुङले प्रयोग गर्ने मोवाइल नं. ९८४६२०५५४४, प्रतिवादी तुल्सीराम बुढा मगरले प्रयोग गर्ने मोवाइल नं. ९८५७८३५०४५, प्रतिवादी रामचन्द्र अधिकारीले प्रयोग गर्ने मोवाइल नं. ९८५६०३४६४२ र प्रतिवादी खम बहादुर पुनले प्रयोग गर्ने मोवाइल नं. ९८४६००४९७५ को मिसिल संलग्न रहेको कल विवरण हेर्दा एकअर्का वीच अश्वभाविक/अत्यधिक मात्रामा फोन सम्पर्क भएको देखिन्छ । घुस रिसवत लेनदेन भएको मिति २०८१।०९।२८ र २९ गते समेत प्रतिवादीहरू राज कुमार गुप्ता,

[३] नेपाल कानून पत्रिका २०७४, अंक ९, नि.नं. ९८८०

रन्जिता श्रेष्ठ, सुजन कुमार तामाङ, रामचन्द्र अधिकारी र खम बहादुर पुन वीच पटक-पटक फोन सम्पर्क एवं कुराकानी भएको निम्न तालिकाबाट देखिन्छ।


**प्रतिवादी रन्जिता श्रेष्ठ समेतले प्रयोग गर्ने मोवाइल नम्बरहरूको कल विवरणको समयावधि**

**IBM I2 Link Chart कल विवरण (CDR) समयावधि**[४]

| क्र.सं. | मोवाइल नम्वर | प्रयोगकर्ता | समयावधि | कै. |
|---|---|---|---|---|
| १. | ९८५६०७४२१२ | सुजन कुमार तामाङ | 16/11/2024 to 22/07/2025 | |
| २. | ९८६३३७४२१२ | सुजन कुमार तामाङ | 16/11/2024 to 22/07/2025 | |
| ३. | ९८०८९४३११७ | सुजन कुमार तामाङ | 16/11/2024 to 23/07/2025 | |
| ४. | ९८५५०२३५५१ | राज कुमार गुप्ता | 15/11/2024 to 31/07/2025 | |
| ५. | ९८५१२४५५५१ | राज कुमार गुप्ता | 16/11/2024 to 01/08/2025 | |
| ६. | ९८५१२४९९५४ | रन्जिता श्रेष्ठ | 15/11/2024 to 23/07/2025 | |
| ७. | ९८५१३५५२७७ | रन्जिता श्रेष्ठ | 16/11/2024 to 23/07/2025 | |
| ८. | ९८४६२०५५४४ | याम कुमारी गुरुङ | 16/11/2024 to 02/08/2025 | |
| ९. | ९८५७८३५०४५ | तुल्सीराम बुढा मगर | 16/11/2024 to 09/04/2025 | |
| १०. | ९८५६०३४६४२ | रामचन्द्र अधिकारी | 16/11/2024 to 20/07/2025 | |
| ११. | ९८४६००४९७५ | खम बहादुर पुन | 16/11/2024 to 30/04/2025 | |

माथि विस्तृत विश्लेषण गरिए बमोजिमको समयावधिमा प्रतिवादीहरू रन्जिता श्रेष्ठ, सुजन कुमार तामाङ, राज कुमार गुप्ता, रामचन्द्र अधिकारी, याम कुमारी गुरुङ, तुल्सीराम बुढा मगर र खम बहादुर पुनले प्रयोग गर्ने मोवाइल नम्बरहरुको कल विवरण (CDR) को IBM I2 Link Chart तल उल्लेख भए बमोजिम प्रतिवादीहरू वीच एकआपसमा फोन सम्पर्क भएको तथ्य पुष्टि भएको देखिन्छ।


[4] आरोपपत्रको पृष्ठ नंमा संलग्न रहेको तालिका १२१ .

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | **प्रतिवादीहरुको कल विवरण (CDR) को IBM I2 Link Chart**[५]<br>माथि विश्लेषण भए अनुसार उल्लिखित समयावधिमा प्रतिवादीहरु रन्जिता श्रेष्ठ, सुजन कुमार तामाङ, राज कुमार गुप्ता, रामचन्द्र अधिकारी, याम कुमारी गुरुङ, तुल्सीराम बुढा मगर र खम बहादुर पुनसमेतले प्रयोग गर्ने मोबाइल नम्बरहरुको<br><br>कल विवरण (CDR) को IBM I२ Link Chart हेर्दा प्रतिवादीहरू बीच पटक पटक अश्वभाविक/अत्यधिक मात्रामा कुराकानी र सम्पर्क भएको देखिन्छ। कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १६ दिप विर्ता स्थित रहेको भनिएको नक्सा नं.२५, २६ र २८ को जग्गाको सम्बन्धमा दुर्गादिवी शाहको हकवालाहरूसँग बदनियत राखी करार सम्झौता भएपश्चात प्रतिवादी सुजन कुमार तामाङसँग जोडिएका प्रतिवादीहरु रन्जिता श्रेष्ठ र राज कुमार गुप्ताको फोन सम्पर्क |

५ आरोपपत्रको पृष्ठ नं१२ .२ मा संलग्न रहेको तालिका

अत्यन्तै/अश्वभाविक बढेको र प्रतिवादी रामचन्द्र अधिकारीको सरुवा भएपश्चात झनै सम्पर्क बढेको मिसिल संलग्न सम्बन्धित निकायबाट प्राप्त हुन आएको कल विवरण (CDR) बाट देखिन्छ। उक्त तथ्य निम्न लिङ्क चार्टवाट थप पुष्टि भएको देखिन्छ।

**प्रतिवादीहरु कल विवरण (CDR) को विश्लेषणात्मक Link Chart**[६]




यसरी माथिको लिङ्क चार्टमा उल्लेख भए बमोजिम प्रतिवादीहरु रन्जिता श्रेष्ठ, सुजन कुमार तामाङ, राज कुमार गुप्ता, रामचन्द्र अधिकारी, याम कुमारी गुरुङ, तुल्सीराम बुढा मगर र खम बहादुर पुनसमेतले प्रयोग गर्ने मोबाइल नम्बरहरुको कल विवरण (CDR) को विश्लेषणात्मक Link Chart हेर्दा के कुन प्रतिवादीहरूले के कुन प्रतिवादीहरूलाई के कति पटक फोन सम्पर्क गरेका रहेछन् भन्ने सम्बन्धमा मिसिल संलग्न सम्बन्धित सेवा प्रदायक निकायबाट प्राप्त हुन आएको कल विवरण (CDR) हेर्दा प्रतिवादीहरू वीच निम्न तालिकामा उल्लेख भए वमोजिम कुराकानी र फोन सम्पर्क भएको देखिन्छ।

---

[६] आरोपपत्रको पृष्ठ नं१२ .४ मा संलग्न रहेको चार्ट

**प्रतिवादीहरु बीच भएको अस्वभाविक फोन सम्पर्कको विवरण[7]**


| सि.नं. | सम्पर्क गर्ने व्यक्ति | सम्पर्क गरेको पटक |
|---|---|---|
| १ | रन्जिता श्रेष्ठले राज कुमार गुप्तालाई | ६१ पटक |
| २ | राज कुमार गुप्ताले रन्जिता श्रेष्ठलाई | ६५ पटक |
| ३ | सुजन कुमार तामाङले रन्जिता श्रेष्ठलाई | ५२ पटक |
| ४ | रन्जिता श्रेष्ठले सुजन कुमार तामाङलाई | ६८ पटक |
| ५ | रन्जिता श्रेष्ठले राम चन्द्र अधिकारीलाई | ४८ पटक |
| ६ | राम चन्द्र अधिकारीले रन्जिता श्रेष्ठलाई | ७२ पटक |
| ७ | सुजन कुमार तामाङले राज कुमार गुप्तालाई | ४ पटक |
| ८ | राज कुमार गुप्ताले सुजन कुमार तामाङलाई | १७ पटक |
| ९ | राम चन्द्र अधिकारीले राज कुमार गुप्तालाई | १० पटक |
| १० | राज कुमार गुप्ताले रामचन्द्र अधिकारीलाई | ६ पटक |
| ११ | रन्जिता श्रेष्ठले खम बहादुर पुनलाई | ८ पटक |
| १२ | खम बहादुर पुनले रन्जिता श्रेष्ठलाई | १४ पटक |
| १३ | खम बहादुर पुनले रामचन्द्र अधिकारीलाई | २३ पटक |
| १४ | राम चन्द्र अधिकारीले खम बहादुर पुनलाई | १७ पटक |
| १५ | तुल्सीराम बुढा मगरले सुजन कुमार तामाङलाई | ११८ पटक |
| १६ | सुजन कुमार तामाङले तुल्सीराम बुढा मगरलाई | ६८ पटक |
| १७ | याम कुमारी गुरुङले सुजन कुमार तामाङलाई | ७४० पटक |
| १८ | सुजन कुमार तामाङले याम कुमारी गुरुङलाई | ५७७ पटक |

[7] आरोपपत्रको पृष्ठ नं१२ .५ मा संलग्न रहेको तालिका

| | | |
|---|---|---|
| १९ | रामचन्द्र अधिकारीले सुजन कुमार तामाङलाई | १ पटक |
| २० | सुजन कुमार तामाङले रामचन्द्र अधिकारीलाई | ३ पटक |
| २१ | खम बहादुर पुनले सुजन कुमार तामाङलाई | ११६ पटक |
| २२ | सुजन कुमार तामाङले खम बहादुर पुनलाई | ३०७ पटक |
| २३ | याम कुमारी गुरुङले खम बहादुर पुनलाई | १ पटक |
| २४ | खम बहादुर पुनले याम कुमारी गुरुङलाई | २ पटक |

अतः यि प्रतिवादीहरू रन्जिता श्रेष्ठ, राज कुमार गुप्ता, सुजन कुमार तामाङ, रामचन्द्र अधिकारी र खम बहादुर पुनले प्रयोग गर्ने मोबाइल नम्बरहरुको घुस रिसवत लेनदेन भएको मिति २०८१।०९।२८ र २९ गतेको कल विवरण (CDR) को I2 Link Chart निम्न चित्र बमोजिम रहेको देखिन्छः


**घुस रिसवत लेनदेन भएको मिति २०८१।०९।२८ र २९ गतेको प्रतिवादीहरुको कल विवरण[8]**




[8] आरोपपत्रको पृष्ठ नं१२ .७ मा संलग्न रहेको चार्ट


| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पटक र प्रतिवादी खम बहादुर पुनले प्रतिवादी सुजन कुमार तामाङलाई १ पटक, प्रतिवादी रामचन्द्र अधिकारीले प्रतिवादी खम बहादुर पुनलाई १ पटक र प्रतिवादी खम बहादुर पुनले प्रतिवादी रामचन्द्र अधिकारीलाई १ पटक, प्रतिवादी खम बहादुर पुनले प्रतिवादी रन्जिता श्रेष्ठलाई ५ पटक र प्रतिवादी रन्जिता श्रेष्ठले प्रतिवादी खम बहादुर पुनलाई १ पटक फोन सम्पर्क गरेको देखिन्छ। त्यसैगरी मिति २०८१।०९।२८ गतेको कल विवरण (CDR) को I2 Link Chart निम्न बमोजिम रहेको देखिन्छः<br>**मिति २०८१।०९।२८ गतेको प्रतिवादीहरुको कल विवरण**[९] |

[9] आरोपपत्रको पृष्ठ नं१२ .९ मा संलग्न रहेको चार्ट


जनवरी १२ 2025 (पुस २८, २०८१) को कल विवरण (CD
i2 Link Chart
9851245551
RajKumar Gupta
98560742
Sujan La
9851249954
Rajneeta Shrestha
9846004
Kham Bahad
9856034642
Ramchandra Adhikari
9863374
Sujan L

**Tower Location Link Chart**[10]

माथि उल्लेख भए बमोजिम प्रतिवादीहरू रन्जिता श्रेष्ठ, राज कुमार गुप्ता, सुजन कुमार तामाङ, रामचन्द्र अधिकारी र खम बहादुर पुनले प्रयोग गर्ने मोबाइल नम्बरहरुको घुस रिसवत लेनदेन हुँदाको समयमा श्रब्य/दृश्य रेकर्ड गरेको मिति




२०८१।०९।२८ गतेको दिनको कल विवरण (CDR) को ।२ Link Chart हेर्दा समेत प्रतिवादीहरु बीच फोन सम्पर्क भएको देखिएको छ। उक्त दिन के कुन प्रतिवादीहरुले के कुन प्रतिवादीहरुलाई के कति पटक फोन सम्पर्क गरेका रहेछन् भन्ने सम्बन्धमा मिसिल संलग्न सम्बन्धित सेवा प्रदायक निकायबाट प्राप्त हुन आएको कल विवरण अनुसार मिति २०८१।०९।२८ गते प्रतिवादी राज कुमार गुप्ताले प्रतिवादी रन्जिता श्रेष्ठलाई १ पटक र प्रतिवादी रन्जिता श्रेष्ठले प्रतिवादी राज कुमार गुप्तालाई १ पटक, प्रतिवादी राज कुमार गुप्ताले प्रतिवादी सुजन कुमार तामाङलाई १ पटक, प्रतिवादी सुजन कुमार तामाङले प्रतिवादी खम बहादुर पुनलाई ४ पटक र प्रतिवादी खम बहादुर पुनले प्रतिवादी सुजन कुमार तामाङलाई १ पटक, प्रतिवादी रन्जिता श्रेष्ठले प्रतिवादी रामचन्द्र अधिकारीलाई १ पटक र माथि चित्रमा उल्लेख भए बमोजिम मिति २०८१।०९।२८ गते साँझको समयमा प्रतिवादीहरु राज कुमार गुप्ता, रन्जिता श्रेष्ठ, सुजन कुमार तामाङ, रामचन्द्र अधिकारी र खम बहादुर पुनले प्रयोग गर्ने मोबाइल नंम्बरहरुको टावर लिङ्क (लोकेसन) हेर्दा निज प्रतिवादी सुजन

[10] आरोपपत्रको पृष्ठ नं१ .३१ मा संलग्न रहेको चार्ट

कुमार तामाङले प्रयोग गर्दै आइरहेको मोबाइल नम्वरहरू ९८५६०७४२१२, ९८६३३७४२१२ र ९८०८९४३११७, प्रतिवादी रन्जिता श्रेष्ठले प्रयोग गर्ने मोबाइल नम्वर ९८५१३५५२७७, प्रतिवादी राज कुमार गुप्ताले प्रयोग गर्ने मोबाइल नम्वर ९८५१२४५५५१ र प्रतिवादी खम बहादुर पुनले प्रयोग गर्ने मोवाइल नम्वर ९८४६००४९७५ को टावर लोकेसन ललितपुर भैसेपाटी स्थित मन्त्री क्वाटरमा रहेको देखिन्छ। यसरी प्रतिवादीहरू राज कुमार गुप्ता, रन्जिता श्रेष्ठ, सुजन कुमार तामाङ र खम बहादुर पुनको लोकेसन एउटै टावरमा रहेको पुष्टी भएको देखिन्छ। प्रतिवादी रामचन्द्र अधिकारीको टावर लोकेसन समेत काठमाडौंका विभिन्न स्थानमा मै रहेको देखिन्छ। यसप्रकार परिचयात्मक चिन्ह R मा भएको अडियो/भिडियो (अडियो नं.१) मा भएको श्रब्य/दृश्य रेकर्डमा भएको संवाद मिति २०८१।०९।२८ गते साँझको समयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका तत्कालीन मन्त्री राज कुमार गुप्ताको भैसेपाटी ललितपुर स्थित मन्त्री क्वाटरमा बसी घुस रिसवत सम्वन्धी विषयमा छलफल भएको पुष्टी भएको देखिन्छ। उक्त संवादमा प्रतिवादी रन्जिता श्रेष्ठले "छोराको तिथिको बर्थडे छ उल्लाई मन्दिर लानु छ। तिथीमा भा होइन त । त्यो स्वस्थानी पूर्णिमाको त्यसपछि पशुपति जानु छ । त्यहाँबाट ममिकोमा सगुन लिन जानु छ। भोली २९ गते अन्तिम दिन" भनी बोलेको, प्रतिवादी सुजन कुमार तामाङले "भूमि आयोग कास्कीको अध्यक्षको सपथ ग्रहण भोली १ बजे छ" भनी वोलेका छन् । यसरी मिति २०८१ साल पौष महिनाको क्यालेण्डर हेर्दा समेत पौष २९ गते महिनाको अन्तिम दिन र स्वस्थानी पूर्णिमा (स्वस्थानी ब्रत कथा प्रारम्भ) रहेको र भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको च.नं. ४६ मिति २०८२।०४।१४ गतेको पत्रवाट समेत भूमि समस्या समाधान आयोगका जिल्ला समितिका अध्यक्ष पदको सपथ ग्रहण मिति २०८१।०९।२९ गते भएको देखिएको, परिचयात्मक चिन्ह R मा भएको अडियो/भिडियो (अडियो नं.१) को संवादमा प्रतिवादी राज कुमार गुप्ताले "रक्सी खानुहुन्छ" भनी प्रतिवादी सुजन कुमार तामाङलाई सोधेको समेतले निज प्रतिवादीहरू राज कुमार गुप्ता, रन्जिता श्रेष्ठ, सुजन कुमार तामाङ बीच मिति २०८१।०९।२८ गते साँझ भेट भएको पुष्टी भएको देखिन्छ । सो सम्बन्धमा प्रतिवादी सुजन कुमार तामाङले अधिकारप्राप्त अधिकारी समक्ष गरेको ततिम्बा बयानको स.ज.नं. १२ मा हामी तीन (रन्जिता श्रेष्ठ, राज कुमार गुप्ता र सुजन कुमार तामाङ) बीच मन्त्री निबासमा भेटघाट भएको र स.ज.नं. २७ मा मिति २०८१।०९।२८ र २९ गते भेट भएको भनी खुलाएको, प्रतिवादी रन्जिता श्रेष्ठले अधिकारप्राप्त अधिकारी समक्ष गरेको ततिम्बा बयानको स.ज.नं. ११ मा मिति २०८१।०९।२८ गते साँझ तत्कालीन मन्त्री राज कुमार गुप्ताको क्वाटर पुगेको भनी खुलाएको र प्रतिवादी राज कुमार गुप्ताले अधिकारप्राप्त अधिकारी समक्ष गरेको ततिम्बा बयानको स.ज.नं. १० मा समेत प्रतिवादी रन्जिता श्रेष्ठ क्वाटरमा आएको भन्ने बेहोरा खुलाएको देखिएको समेतवाट घुस रिसवत लेनदेन भएको मिति २०८१।०९।२८ गते साँझ र ऐ. २९ गते समेत प्रतिवादीहरु बीच भेटघाट भएको तथ्य पुष्टी भएको देखिन्छ । सोही संवाद बमोजिमको मिति २०८१ पौष २८ र २९ गतेको क्यालेण्डर हेर्दा निम्न बमोजिम रहेको देखिन्छ।

माथि चित्र मा उल्लिखित २०८१ सालको पुष महिनाको क्यालेण्डर हेर्दा समेत २९ गते महिनाको अन्तिम दिन र २९ गते श्री स्वस्थानी ब्रत प्रारम्भ भएको दिन नै देखिएकोले परिचयात्मक चिन्ह R मा भएको अडियो/भिडियो (अडियो नं.१) मा भएको श्रब्य/दृश्य रेकर्डमा भएको घुस रिसवत सम्बन्धी संवाद मिति २०८१।०९।२८ गते कै हो भन्ने तथ्य पुष्टी भएको देखिन्छ।

**प्रतिवादी राज कुमार गुप्तालाई प्रतिवादीहरु रामचन्द्र अधिकारी, रन्जिता श्रेष्ठ र सुजन कुमार तामाङले पठाएको मेसेजको विवरण**[11]

SMS of 9851245551 Raj Kumar Gupta

| Oppo No | Identification | Date & Time | Type | Serial | Message Data |
|---|---|---|---|---|---|

[11] आरोपपत्रको पृष्ठ नं१ .३४ मा संलग्न रहेको तालिका

| | | | | | |
|---|---|---|---|---|---|
| 9856034642 | Ramchandra Adhikari | 2025-01-21 14:35:32 | IN | | Mamtri jyu Namaskar, Ranjita jana mannu vayena,aba Samnandhit thauma Jaau тa? |
| SMS of 9851245551 Raj Kumar Gupta | | | | | |
| 9851249954 | Ranjita Shrestha | 2025-01-04 16:32:49 | IN | | Salaha euta garu vaneko |
| 9851249954 | Ranjita Shrestha | 2025-01-04 22:46:20 | | 1-3-2 | k garne hola chiranjibi laai ahile pokhara napathai tapaiko mantr |
| 9851249954 | Ranjita Shrestha | 2025-02-16 18:22:59 | IN | | mantri jyu late huncha vane ma ghar janchu |
| 9851249954 | Ranjita Shrestha | 2025-06-19 11:41:20 | IN | | bhumi pathaidisyo |
| Sms of 9851245551 Raj kumar Gupta | | | | | |
| Oppo No | Identification | Date & Time | Type | Serial | Message Date |
| 9856074212 | Sk Lam Lsma (vb: sujan Lama) | 2025-01-13 18:11:57 | IN | | Ma qutar ma chu hajur |
| 9856074212 | Sk Lam Lsma (vb: sujan Lama) | 2025-01-13 18:12:04 | IN | | ko Waiting ma |
| 9856074212 | Sk Lam Lsma (vb: sujan Lama) | 2025-01-28 21:39:02 | IN | | Voli morning 7:30 Mai auchu mantri jyu hus |
| 9856074212 | Sk Lam Lsma (vb: sujan Lama) | 2025-02-24 14:09:39 | IN | | Mantri jyu maila sakina aba sathi haru lai samjuna |
| 9856074212 | Sk Lam Lsma (vb: sujan Lama) | 2025-02-24 14:26:55 | IN | | Huss thank you tapi la kosis garnu voo vaya na |
| 9856074212 | Sk Lam Lsma (vb: sujan Lama) | 2025-06-25 16:35:56 | IN | | ktm chu |
| 9856074212 | Sk Lam Lsma (vb: sujan Lama) | 2025-06-25 16:36:11 | IN | | Mantri jyu kata am? |
| 9856074212 | Sk Lam Lsma (vb: sujan Lama) | 2025-06-25 17:31:26 | IN | | Pokhara |

माथिको तालिकामा विस्तृत विश्लेषण गरिए वमोजिमको SMS विवरण हेर्दा सुजन कुमार तामाङले “Ma qutar ma chu hajur ko Waiting ma (म क्वाटरमा छु, हजुरको वेटिङ्गमा)” भनी मेसेज पठाएको देखिएकोवाट मिति २०८१।०९।२९ गते प्रतिवादी सुजन कुमार तामाङ तत्कालीन मन्त्री राज कुमार गुप्ताको क्वाटरमा पुगेको तथ्य पुष्टि भएको देखिन्छ। त्यसैगरी मिति २०८१।१०।१५ गते “Voli morning ७:३० Mai auchu mantri jyu hus (भोली मर्निङ्गमा ७:३० मै आउछु मन्त्रिज्यू, हस)”, मिति २०८१।११।१२ गते प्रतिवादी सुजन कुमार तामाङले प्रतिवादी राज कुमार गुप्तालाई “Mantri jyu maila sakina aba sathi haru lai samjuna, Huss thank you tapi la kosis garnu voo vaya na (मन्त्रीज्यू मैले सकिन अव साथीहरुलाई सम्झाउन, हस थ्यान्क्यू तपाईले कोशिस गर्नु भो भएन)” भनी मेसेज गरेको देखिन्छ। मिति २०८१।०९।२० गते प्रतिवादी रन्जिता श्रेष्ठले प्रतिवादी राज कुमार गुप्तालाई “k garne hola chiranjibi laai ahile pokhara napathai tapaiko mantr (के गर्ने होला चिरन्जीवीलाई अहिले पोखरा नपठाई तपाईको मन्त्र...)” भनी मेसेज गरेको, मिति २०८२।०३।११ गते अर्थात अडियो रेकर्ड विभिन्न संचार माध्यममा प्रकाशित भएपछि प्रतिवादी सुजन कुमार तामाङले प्रतिवादी राज कुमार गुप्तालाई “Mantri jyu kata am? (मन्त्रीज्यू कता आम?)” भनी मेसेज गरेको देखिन्छ। मिति २०८१।१०।०८ गते प्रतिवादी राज कुमार गुप्तालाई प्रतिवादी रामचन्द्र अधिकारीले “Mantri jyu Namaskar, Ranjita jana mannu vayena, aba Samnandhit thauma Jaau тa? (मन्त्रीज्यू नमस्कार, रन्जिता जान मान्नु भएन, अब सम्बन्धित ठाउँमा जाउँ त?)” भनी मेसेज पठाएको देखिए समेतबाट प्रतिवादी राज कुमार गुप्तासँग प्रतिवादीहरु रन्जिता श्रेष्ठ, सुजन

कुमार तामाङ र रामचन्द्र अधिकारी वीच प्रतिवादी रामचन्द्र अधिकारीको सरुवा मालपोत कार्यालय, कास्की वाट मालपोत कार्यालय लमजुङ्ग भएपश्चात उक्त सरुवा थमौतीको लागी सोही अवधिमा अश्वभाविक/अत्यधिक फोन सम्पर्क गरे गराएको देखिन्छ ।

यसैगरी प्रतिवादी रन्जिता श्रेष्ठको मोवाइल नं.९८५१२४९९५४ को SMS विवरण हेर्दा देहायमा उल्लेख भए बमोजिमको messege आदान प्रदान भएको देखिन्छः

**प्रतिवादी रन्जिता श्रेष्ठले प्रयोग गर्ने मोवाइलको SMS विवरण**[१२]

| Opp.No. | Identification | Submit Time | Type | Message Data |
|---|---|---|---|---|
| 9856034642 | Ramchandra Adhikari | 2024-11-26 11:24:05 | In | Bhaisakyo hjr ko kaam |
| 9851245551 | Raj Kumar Gupta | 2025-01-04 16:32:49 | Out | Salaha euta garu vaneko |
| 9851245551 | Raj Kumar Gupta | 2025-01-04 22:46:20 | Out | K garne hola chiranjibi laai ahi mantr |
| 9856034642 | Ramchandra Adhikari | 2025-01-05 15:49:27 | Out | M jadina hai tpai janu hola sanja |
| 9856034642 | Ramchandra Adhikari | 2025-01-05 15:50:31 | In | Hus mantra jyu |
| 9846004975 | Khem pun | 2025-02-03 10:18:44 | Out | Dai malai baru sapati haldinu r garchu daai talab aune bitikai |
| 9856074212 | Sujan kumar lama | 2025-03-17 15:25:47 | In | Sachib mani rako Xina ra |

माथिको विस्तृत विश्लेषण गरिए वमोजिमको SMS विवरण हेर्दा प्रतिवादी रन्जिता श्रेष्ठलाई मिति २०८१।०८।११ गते "Bhaisakyo hjr ko kaam (भइसक्यो हजुरको काम)" भनी प्रतिवादी रामचन्द्र अधिकारीले मेसेज पठाएको देखिन्छ । मिति २०८१।०९।२१ गते प्रतिवादी रन्जिता श्रेष्ठले "M jadina hai tpai janu hola sanja mantri jyu ko maa (म जादिन है तपाई जानु होला साँझ मन्त्रीज्यूकोमा)" भनी प्रतिवादी रामचन्द्र अधिकारीलाई मेसेज पठाएको देखिन्छ । मिति २०८१।१२।४ गते प्रतिवादी रन्जिता श्रेष्ठलाई "Sachib mani rako Xina ra (सचिव मानिराको छैन र)" भनी प्रतिवादी सुजन कुमार तामाङले मेसेज पठाएको देखिदा उपरोक्त उल्लेखित Call Detail record, call location, call relation, message Conversation, I2 Link Chart, समेत Corruption related linkage Evidence हरुवाट उक्त भ्रष्टाजन्य कार्यमा प्रत्यक्ष संलग्नता रहेको पुष्टि भएकी यि प्रतिवादी रन्जिता श्रेष्ठमा उक्त तत्काल प्राप्त प्रत्यक्ष प्रमाणको आधारमा थुनामा राखि मुद्दाको पुर्पक्ष गर्ने आदेश गर्नु पर्नेमा जम्मा रु. ५०००००।— मात्र धरौटी माग गरि भएको आदेश बेरितको देखिदा बदर भागी छ।

**(ङ) प्रतिवादी सुजन कुमार तामाङले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा** उक्त अडियोहरुमा भएको कुराकानी भूमि आयोगमा खेम पुन मगरलाई नियुक्त गर्ने सन्दर्भमा भएको हो। अडियो रेकर्ड भएको कुराकानी पुर्वमन्त्री माननीय रन्जिता श्रेष्ठ लगायतको हो। उक्त अडियोमा बोल्ने व्यक्तिहरु मा. राजकुमार गुप्ता, मा. रन्जिता श्रेष्ठ र म हो।सो विषयमा पैसाको कुरा हाँसी ठट्टामा भएको हो। रामचन्द्र अधिकारी त्यस बेला मालपोत कार्यालय, कास्कीको प्रमुख भएको हुँदा निजको सरुवा थमौतीको बारेमा समेत कुराकानी भएको हो । म, माननीय राजकुमार गुप्ता र माननीय रन्जिता श्रेष्ठ बीच मन्त्रीक्वाटरमा कुराकानी भएको ठिक साँचो हो । उक्त अडियो के कुन व्यक्तिले के कहाँबाट रेकर्ड गर्यो, मलाई थाहा भएन । मिति २०८१/०२/२० गते गरेको करारनामामा साक्षी बसी जग्गा नामसारीको जिम्मा लिएको ठिक साँचो हो।

[12] आरोपपत्रको पृष्ठ नं१ .३६ मा संलग्न रहेको तालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रामचन्द्र अधिकारीले मलाई मालपोत कार्यालय, कास्कीमा समय नपुग्दै हटायो भन्ने जानकारी गराएको हुनाले मन्त्रीज्यूसँग एकपटक मैले कुरा राखिदिएको हो । निज रामचन्द्र गुप्ताको खातामा जम्मा गरेको रकमको सम्बन्धमा मलाई कुनै जानकारी छैन । रामचन्द्र अधिकारीले आफू माथी अन्याय भएको कुरा मसँग गरेको हुँदा मैले तत्कालिन मन्त्रीलाई "k garne hola chiranjibi laai ahile pokhara napathai tapaiko mantr" भनी मेसेज पठाएको हो भन्ने समेत बेहोरा उल्लेख गरी प्रतिवादी रन्जिता श्रेष्ठ समेतलाई पोल गरेको देखिन्छ । **यसै गरि प्रतिवादी राज कुमार गुप्ताले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा** अडियोको सम्बन्धमा कसले गर्यो कहाँ गर्यो यस बारेमा मलाई जानकारी छैन। जिल्ला कास्की मालपोत कार्यालयका कार्यालय प्रमुख रामचन्द्र अधिकारीलाई थमौतीका सम्बन्धमा मैले कसैसँग घुस लिएको छैन। अडियोमा भएको आवाज मेरो जस्तो लाग्छ। रन्जिता श्रेष्ठ कहिले काहिँ आफ्नो कामको लागी मन्त्रालय आउथिन र सुजन पनि आउथे । सुजन कुमार तामाङ र रन्जिता श्रेष्ठसँग मन्त्रालयमा आउनेसँग कुराकानी हुन्छ नै तर राजनैतिक कुराकानी भएको हुन्छ। मैले सुजनसँग भेट गरेको छैन तर रन्जिता श्रेष्ठसँग आउँदा भेट भएको हुन सक्छ । पोखरा मालपोत प्रमुखलाई तानिदिनु भनेर रन्जिता श्रेष्ठले बारम्वार मलाई भनेकोमा हामीले त्यो काम गरेनौ, पछि सुजन र रन्जितालाई सचिवसँग बसालेर हाम्रो मन्त्रालयबाट यो काम हुदैन। भूमि मन्त्रालयबाट गराउनु भनेको हो। बर पिपल रिसोर्टमा रन्जिता श्रेष्ठ, सुजन कुमार तामाङ, रामचन्द्र अधिकारी, खम बहादुर पुनसँग बिहानको समयमा एकछिन भेटघाट भएको, सामान्य कुराकानी भएको, सुजन लामा र रन्जिता श्रेष्ठ मन्त्रालयमा आएको थियो । रन्जिता जीको दवाव सधैं हुन्थ्यो तर म र सचिवले त्यो काम गरेको थिएनौ। रन्जिता श्रेष्ठसँग भेटेको वेला सुजन कुमार तामाङ्ग पनिसँगै थियो भन्ने समेत बेहोरा उल्लेख गरी यि प्रतिवादी रन्जिता श्रेष्ठ समेतलाई पोल गरेको देखिन्छ। **बुझिएका मानिस स्व. दुर्गा देवी शाहको हकवाला सुरज शाह ठकुरी, गितादेवी शाह, ध्रुबसिंह शाहले अधिकार प्राप्त अधिकारी समक्ष बयान कागज गर्दा** प्रतिवादी सुजन लामा र रामचन्द्र अधिकारीलाई चिन्दछु। उक्त जग्गा दा.खा नामसारीको काममा सहजिकरण गरिदिन सुजन भाईलाई जिम्मा दिएको हो। अडियोमा बोल्ने स्वर सुन्दा उनकै हो जस्तो लाग्छ। सुजन कुमार तामाङलाई करारनामामा उल्लेखित शर्त बमोजिम याम कुमारी गुरुङ समेत दुई जनाले ४०% जग्गा लिने शर्तमा कामको जिम्मा लगाएको र सो कामको लागी लाग्ने सम्पुर्ण खर्च उनीहरुले नै व्यहोर्ने शर्त थियो भन्ने समेत व्यहोरा उल्लेख गरेको देखिन्छ। **बुझिएका अन्य स्थानिय मानिस सुरेश गौचनले अनुसन्धानको क्रममा सोधपुछ कागज गर्दा** सुजन लामा भन्ने व्यक्ति लिची बगैचामा धेरै पटक आउने, अन्य व्यक्तिलाई देखाउने छिमेकीले देखेको कुरा मन्त्री र सुजन लामा साथै एक महिला सहित उक्त जग्गा भित्र पसेको छिमेकीबाट थाहा भयो । हाम्रो जग्गामा बिचौलिया र जग्गा दलालहरुले हाम्रो जग्गा देखाई बिक्री गर्न खोजेको र केही ब्यक्तिसँग बैना रकम समेत उठाएको छिमेकीबाट थाहा हुन आयो भन्नेसमेत बेहोरा खुलाएको देखिन्छ । **यसै गरि बुझिएका स्थानिय ब्यक्ति रमेश प्रताप जंग राणाले अनुसन्धानको क्रममा सोधपुछ कागज गर्दा** राज कुमार गुप्ता, रन्जिता श्रेष्ठ र सुजन कुमार तामाङ समेतका व्यक्तिहरु सुरक्षाकर्मीको साथमा करिब २/३ महिना अगाडी लिची बगैचामा आई जग्गा नापजाँच गरेका हुन भन्ने समेत बेहोरा उल्लेख गरेको देखिन्छ भने **उजुरीकर्ता परिवर्तित नाम मोरङ्ग १० (२०८२) ले अनुसन्धानको क्रममा सोधपुछ कागज गर्दा** अडियो, पेन ड्राइभ लगायत चिजवस्तु मैले नै पेश गरेको ठिक साँचो हो । यस घुस प्रकरणमा जसले मन्त्रीलाई पैसा दियो, उसैले अडियो रेकर्ड गरेको रहेछ, काम भएन भने पैसा फिर्ता लिन पत्रकार सम्मेलन गरेर भए पनि पैसा फिर्ता लिनुपर्छ भनेर सम्बन्धित मान्छेले यो पेनड्राइभ पत्रकारलाई दिएकोमा पत्रकारबाट मैले यो पेनड्राइभ प्राप्त गरेपछि सचेत नागरिकको हैसियतले यस आयोगमा उजुरी दिएको हो । अडियोमा बोल्ने व्यक्ति राज कुमार गुप्ता हो भन्ने बुझेर नै उजुरी गरेको हो भन्ने समेत बेहोरा खुलाएको देखिन्छ। **पोखरा स्थित बर पिपल रिसोर्टका रेसिडेन्ट मेनेजर पदम न्यौपानेले अनुसन्धानको क्रममा सोधपुछ कागज गर्दा** राज कुमार गुप्ता र रन्जिता श्रेष्ठलाई पुर्याउन रामचन्द्र अधिकारी र सुजन कुमार लामा आउनु भएको थियो । निजहरु मिति २०८१ पुस २२ गते आएको र २०८१ साल पुष २४ गते गएको हो । मन्त्री गुप्ताको बुकिङ्ग सामान्य प्रशासन मन्त्रालयबाट गोबिन्द के.सी. ले पुष १६ गते नै अग्रिम बुकिङ गर्नु भएको र रन्जिता श्रेष्ठको बुकिङ्ग रामचन्द्र अधिकारी मालपोत कार्यालयबाट भएको हो। मन्त्री गुप्ता बसेको खर्च रु.७८,९९९.९५ रकम सामान्य प्रशासन मन्त्रालयबाट ट्रान्सफर (Bank) बाट भएको र रन्जिता श्रेष्ठको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रु.५८,९९९।- अहिले सम्म बाँकी रहेको छ । रन्जिता श्रेष्ठ समेत बास बसेको रकम पहिला रामचन्द्र अधिकारीले म दिन्छु भन्नु भयो र पछि पाहुना गएपछि यो पैसा सुजन लामासँग लिन भन्नु भयो र हालसम्म पनि फोन सम्पर्क गर्दा एकले अर्कोलाई देखाई राख्नु भएको छ भन्ने समेत बेहोरा खुलाएको देखिन्छ । **यसै गरि प्रतिवादी राज कुमार गुप्ताका PSO प्र.स.नि. सन्तोष कुमार चौधरी, प्र.ना.नि. यान बहादुर कुँवरले अनुसन्धानको क्रममा सोधपुछ कागज गर्दा** रन्जिता श्रेष्ठ सामान्य प्रशासन मन्त्रालयमा आएको देखेको हो, पुर्व मन्त्री रन्जिता श्रेष्ठले मन्त्रालय, मन्त्री निवासमा आई राज कुमार गुप्तालाई भेटघाट गरेको पटक पटक देखेको हो। निज रन्जिता श्रेष्ठ मन्त्री राज कुमार गुप्तालाई मन्त्रालय र क्वाटरमा पटक पटक आउनु हुन्थ्यो भन्ने समेत व्यहोरा उल्लेख गरेको देखिन्छ। **यसै गरि प्रतिवादी रन्जिता श्रेष्ठको PSO प्र.स.नि. रोशन लोहनीले अनुसन्धानको क्रममा सोधपुछ कागज गर्दा** मैले याम कुमारी गुरुङलाई चिन्दिन। मैले मिति २०८१/१०/२९ गते निज याम कुमारी गुरुङको गरिमा विकास बैङ्कको खातामा रु.११,००,०००।-(एघार लाख) रुपैया रन्जिता श्रेष्ठ भारतमा रहेको समयमा निजको आदेश वमोजिम जम्मा गरिदिएको हो । सुजन कुमार तामाङले खाता नम्वर दिएपछि रन्जिता श्रेष्ठको निर्देशन वमोजिम उक्त रकम याम कुमारी गुरुङको खातामा जम्मा गरिदिएको हो भन्नेसमेत बेहोरा खुलाएको देखिन्छ **।संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव रविलाल पन्थले अनुसन्धानको क्रममा सोधपुछ कागज गर्दा** मालपोत कार्यालय, लमजुङमा कार्यरत प्रमुख मालपोत अधिकृत रामचन्द्र अधिकारीले कास्की मालपोत कार्यालयमा सरुवा हुने वातावरण मिलाई दिन अनुरोध गर्नु भएको र यसका लागि कास्की मालपोत कार्यालयमा कार्यरत चिरन्जीवी पौडेललाई अन्यत्र सरुवा गरिदिनुपर्ने भन्ने अधिकारीको माग थियो। चिरञ्जिवी पौडेललाई मालपोत बाहेकका अन्य कार्यालयमा सरुवा गर्न भनी तत्कालिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको निर्देशन थियो। प्रतिनिधी सभा सदस्य रन्जिता श्रेष्ठले पनि चिरञ्जिवी पौडेललाई मालपोत बाहेक अन्यत्र सरुवा गरिदिन अनुरोध गर्नुभएको हो। चिरञ्जिवी पौडेल र रामचन्द्र अधिकारीलाई भूमि व्यवस्था तथा गरिवी निवारण मन्त्रालयले काज खटाएको पाइएको हुँदा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले केही गरिरहन नपर्ने भनी दुबै माननीयज्यूहरुलाई मैले जवाफ दिएको हुँ। मालपोत कार्यालय, कास्कीमा प्रमुख चिरन्जिवी पौडेलको सरुवाको सम्बन्धमा भने मन्त्रीज्यूसँग पटक पटक सवाल जवाफ भएको थियो। मालपोत कार्यालय, कास्की, पोखराका प्रमुखलाई अन्यत्र सरुवा गरिदिन भनी माननीय रन्जिता श्रेष्ठको अनुरोध भइरहन्थ्यो । अहिले मिति यही नै हो भन्न सक्दिन, २०८१ फागुन तिर जस्तो लाग्छ । एक दिन मन्त्रीज्यूले आफ्नो कार्यकक्षमा मलाई बोलाउनु भयो । कार्यालयको कामको सम्बन्धमा मन्त्रीबाट समय समयमा आफ्नो कार्यकक्षमा बोलावट भइरहने र त्यस सम्बन्धमा मन्त्रीज्युको कार्यकक्षमा गइरहने हुँदा उक्त दिन पनि उहाँको कार्यकक्षमा गएको थिए । मन्त्रीज्यूको गोप्य कक्षमा मन्त्रीज्यू र प्रतिनिधी सभा सदस्य रन्जिता श्रेष्ठ मात्रै छलफल गर्दै हुनुहुन्थ्यो । म प्रवेश गरेपछि पुनः चिरञ्जीवी पौडेलको सरुवा गरिदिनुपर्ने कुरा आयो । रामचन्द्र अधिकारी मालपोत कार्यालय, कास्कीमा सरुवा मिलाईदिनु एक पटक भेट्न आउनु भएको थियो । रामचन्द्र अधिकारीले मसँग भेटेर मालपोत कार्यालय, कास्कीमा सरुवा हुने वातावरण मिलाईदिन अनुरोध गर्नु भएको हो भन्नेसमेत बेहोरा खुलाएको देखिदा सह प्रतिवादीहरुको बयान र अनुसन्धानको क्रममा बुझिएका मानिसहरुको कागज समेतका आधारमा यि प्रतिवादी रन्जिता श्रेष्ठ उक्त सरुवा थमौती गरि जग्गा दा.खा नामसारी गर्ने गराउने र भुमि आयोगमा सदस्य नियुक्ति घर जग्गा व्यवसायी ब्यक्ति नियुक्त गर्ने विषयमा रु ७८०००००।— को घुस रिसवत लेनदेनमा प्रत्यक्ष संलग्न रहेको तथ्य स्थापित भएको र मिति २०८१/१०/२९ गते प्रतिवादी याम कुमारी गुरुङको गरिमा विकास बैङ्कको खातामा रु.११,००,०००।-(एघार लाख) रुपैया निज रन्जिता श्रेष्ठ भारतमा रहेको समयमा निजको आदेश निर्देशनमा निज कै **PSO प्र.स.नि. रोशन लोहनीले** जम्मा गरिदिएको तथ्य समेत वाट निजको संलग्नता थप पुष्टी भई रहेको देखिदा देखिदै प्रत्यक्ष प्रमाणवाट दोषी देखिएकी यि प्रतिवादी रन्जिता श्रेष्ठलाई विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखि मुद्दाको पुर्पछ गर्नु पर्नेमा सामान्य धरौटी माग गरि भएको आदेश बेरितको देखिदा बदर भागी छ।<br>**(च)** प्रस्तुत मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग उजुरी प्राप्त हुना साथ अधिकार प्राप्त अधिकारीले कानून र कार्यविधिको पालना गरि संकलन गरेका उजुरीसाथ प्राप्त घुस रिसवतसँग सम्वन्धित श्रव्य/दृश्य रेकर्डहरु, घुस |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रिसवत वापतको रकमहरुको (नोटहरुको) फोटो, नोटको नम्वरहरुको फोटो, नगद राखेको झोलाहरुको फोटो, नगद गणना गर्दै गरेको फोटो, मिसिल संलग्न श्रव्य/दृश्य रेकर्डहरू, प्रतिवादीहरुले गरेको श्रव्य/दृश्यको स्क्रिप्ट राईटिङ सनाखत कागज, निज प्रतिवादी रामचन्द्र अधिकारी, सुजन कुमार तामाङ, याम कुमारी गुरुङ, रन्जिता श्रेष्ठ समेतले प्रयोग गर्ने मोबाइल नम्वरहरूको Call Details Report (CDR), SMS & User Details, Tower Location सहितको विवरण, CDR/Location को Link Chart, प्रतिवादीहरू राजकुमार गुप्तासमेतको मोबाइल परीक्षण प्रतिवेदन, डिजिटल फरेन्सिक युनिटको श्रव्य/दृश्य छेडखानी सम्वन्धी परिक्षण प्रतिवेदन, नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, डिजिटल फरेन्सिक ल्याबको स्वर (Voice Spectrum Analysis-VSA) परीक्षण प्रतिवेदन, प्रतिवादीहरूको पोलिग्राफ परीक्षण गर्न ईन्कार गरे प्रतिवेदन समेतका प्रमाणहरुवाट यि प्रतिवादी रन्जिता श्रेष्ठ उक्त कसूरमा संलग्न रहेको तथ्य पुष्टि भई रहेकोले प्रमाण ऐन २०३१ को दफा १८ बमोजिम थुनछेकको प्रयोजनार्थ उक्त तत्काल प्राप्त प्रमाणलाई ग्रहण गरि निज प्रतिवादीलाई थुनामा राखि मुद्दाको पुर्पछ गर्नु पर्नेमा धरौटी तारिख मा राखि मुद्दाको पुर्पछ गर्ने गरि भएको थनछेक आदेश त्रुटीपुर्ण देखिन्छ। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतवाट **श्याम अधिकारी विरुद्ध नेपाल सरकार, भ्रष्टाचार (घुस रिसवत)**[13] मुद्दामा "विज्ञान र प्रविधिको सहायताले आफूसँग घुस रिसवत मागेको बोली बोलेको फोनवार्तालाई रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्द गरी प्रमाणको रुपमा पेश गरेकोलाई न्याय निरुपण गर्दा महत्वपूर्ण प्रमाणकै रुपमा मूल्यांकन गर्नुपर्ने। रेकर्ड गरिएको बोली प्रतिवादीकै हो भनी निश्चित भएको हुनु पर्दछ। रेकर्डलाई कुनै परिवर्तन (tempering) गरिएको हुनु हुँदैन। यस्तो रेकर्डलाई कुनै परिवर्तन गरेको शंका वा सम्भावना भएमा आवाज पुनः निश्चित गरिनु पर्दछ। कुनैपनि किसिमबाट आवाज परिवर्तन (tempering) भएको हुनुहुँदैन। कुनै किसिमबाट रेकर्डलाई परिवर्तन गर्ने सम्भावना भएमा वा निश्चित नभएमा वैज्ञानिक परीक्षण हुनुपर्ने" भनि प्रतिपादित न्यायिक सिद्धान्त;, **नेपाल सरकार विरुद्ध परिवर्तित नाम ई, जवरजस्ती करणी**[14] मुद्दामा "भौतिक सबुद प्रमाणसँग कुनै छेडछाड (Temper) गरिएको छैन भने यसले कुनै कुरालाई प्रमाणित र खण्डन गर्न विश्वसनीय आधार दिन्छ। जुन मानव साक्षीको भन्दा बढी भरपर्दो हुन्छ। प्रस्तुत वारदातमा अनुसन्धानको क्रममा संकलन भएको भौतिक सबुद प्रमाणसँग कुनै किसिमको छेडछाड भएको मिसिल संलग्न कुनै कागज प्रमाणबाट नदेखिएको अवस्थामा त्यस्ता प्रमाणलाई नजरअन्दाज गर्न नसकिने" भनि प्रतिपादित सिद्धान्त एवं **बम बहादुर बस्नेत विरुद्ध नेपाल सरकार, कर्तव्य ज्यान**[15] **मुद्दामा** "फोटो, भिडियो, अडियो, सीडी आदि डिजिटल सामग्री लिखत हुन्। यिनको प्रामाणिक मूल्यलाई अस्वीकार गर्नु न्यायसङ्गत हुँदैन। तथ्यका प्रत्येक गवाह प्रमाण हुन्। मुद्दाका कुनै पक्षबाट फोटो, भिडियो, अडियो, सीडी आदी डिजिटल प्रति प्रमाणका रूपमा प्रस्तुत हुन्छन् र अर्को पक्षबाट तिनमा इन्कारी जनाइदैन भने लिखित प्रमाणका रूपमा यी ग्राह्य हुन्छन्। यस्ता प्रमाणका विषयमा विवाद उठेमा तिनको सत्यता परीक्षणको विषय बन्दछ। अन्यथा लिखत प्रमाणका आधुनिक स्वरूपलाई सतर्कता साथ ग्रहण गर्दै जानुपर्ने" भनि प्रतिपादित सिद्धान्त समेतको आधारमा यी प्रतिवादी रन्जिता श्रेष्ठलाई थुनछेकको क्रममा तत्काल प्राप्त प्रमाणको आधारमा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेमा विशेष अदालतवाट उक्त प्रमाणको विवेचना नगरी रु. ५०००००।- धरौटी माग गरी भएको आदेश वेरितको देखिदा बदर भागी छ।<br>**(छ)** थुनछेक आदेशका सन्दर्भमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को (ङ) मा तत्काल प्राप्त प्रमाणका आधारमा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने पर्याप्त र मनासिव कारण भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि निजलाइ थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने कानूनी व्यवस्था रहेको देखिन्छ भने विशेष प्रकृतिको कसूर भ्रष्टाचार मुद्दामा बिशेष प्रकृतिको कार्यबिधि नै पालना गर्नु पर्ने बिधायिकिय मनसाय रहेको देखिन्छ। उपरोक्त कानूनी |

[13] नेपाल कानून पत्रिका ,२०७६ ,८अंक ,नि१०३२३ .नं.

[14] नेपाल कानून पत्रिका २०७७, अंक २, नि.नं. १०४३१

[15] ने ,६अंक ,२०७० .प.का.नि९०२२ .नं.

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ब्यवस्था अनुसार थुनछेक आदेश गर्दा तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा; (Prima facie Evidence), प्रमाण ऐन २०३१ को दफा १८ र विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (घ) र (ङ) मा उल्लेख भए अनुसार कानून बमोजिम अधिकार प्राप्त अधिकारीले संकलन गरेका प्रमाणहरु अदालतमा विधि सम्मत रुपमा प्रस्तुत भई कानून बमोजिम अधिकार प्राप्त अधिकारीले संकलन गरेका सबै प्रमाणहरु तत्काल प्राप्त प्रमाण हुने र ति प्रमाणका आधारमा कसूरदार हो भन्ने विश्वास गर्नसक्ने मनासिब आधार भएमा न्यायिक मूल्याङ्कन गर्नुपर्ने गरी कानूनमा न्यायिक अधिकारीलाई स्पष्ट गरको देखिन्छ। यसरी मनासिव आधार बस्तुनिष्ट, विश्वासनिय, स्वतन्त्र, निर्विवाद र स्वयंसिद्ध प्रमाणबाट पुष्टि हुनुपर्ने, प्रमाण स्वतन्त्र निष्पक्ष तवरवाट प्रक्रिया सम्मत तरिकाले (Due process of law) संकलन भएको हुनुपर्ने अवस्थालाई कानून मै उल्लेख भए बमोजिम प्रस्तुत मुद्दामा आरोपत्रसाथ पेश भएका सवूद प्रमाणलाई विशेष अदालतबाट थुनछेक आदेश गर्दा न्यायिक तवरले अध्ययन ब्याख्या विश्लेषण भएको देखिदैन। बिधायिकाले कानून निर्माण गर्दा जघन्य अपराधमा कुनै पनि अभियुक्तलाई मुद्दाको पुर्पक्षको लागी थुनामा नै राखेर मुद्दाको कारवाही गर्नु पर्छ भन्ने मनसाय रहेको देखिन्छ भने गम्भिर प्रकृतिको अपराधमा केवल आर्थिक धरौटीको माध्यमबाट स्वतन्त्रता दिँदा समाजमा गलत सन्देश जाने र बिधिको शासन कमजोर हुन्छ। समाज र राष्ट्रलाई गम्भीर असर पार्ने कसूरमा तत्काल प्रमाणबाट कसूरदार पुष्टि भएको अभियुक्तहरूलाई निर्दोषताको अनुमानका आधारमा छोड्दै जाने हो भने फौजदारी न्याय ब्यबस्था सञ्चालन हुन नसक्ने अवस्था पैदा हुन सक्छ। यसै सन्दर्भमा सम्मानित सर्बोच्च अदालतबाट "समाज र राष्ट्रलाई गम्भीर असर पार्ने फौजदारी कसूर गरेको आरोप लागी अदालत समक्ष पेश गरिएका र तत्काल प्राप्त प्रमाणबाट सो अवस्था पुष्टि भएका अभियुक्तहरूलाई निर्दोषिताको अनुमानको आडमा छाड्दै जाने हो भने फौजदारी न्याय प्रशासनले कार्य गर्न नसक्ने भनी **ने.का.प २०६६ अंक ८ नि.नं. ८२०२** मा नजिर सिद्धान्त समेत प्रतिपादन भएको देखिंदा उपरोक्त उल्लिखित तत्काल प्राप्त प्रमाण र सो प्रमाणवाट कसूरदार हो भन्ने मनासिव आधारहरुको विश्लेषण गरी विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम पुर्पक्षको क्रममा थुनामा राखी मुद्दाको कारवाही हुनुपर्नेमा प्रतिबादी रन्जिता श्रेष्ठलाई धरौटी माग गर्ने गरी भएको विशेष अदालतको उक्त आदेश बेरितको देखिदा बदरभागी रहेको छ।<br>**अतः** माथि बिबेचित आधार, कारण, कानूनी व्यवस्था एवं नजिर सिद्धान्त समेतका आधारमा यि प्रतिवादीहरु विरुद्धको उजुरी निवेदन तथा निवेदनसाथ पेश गरेको घुस रिसवत सँग सम्वन्धित श्रव्य/दृश्य सहितको पेन ड्राइभ, उजुरीसाथ प्राप्त घुस रिसवतसँग सम्वन्धित श्रष्य/दृश्य रेकर्डहरु, नोटहरुको फोटो, नोटको नम्वरहरुको फोटो, नगद राखेको झोलाहरुको फोटो, नगद गणना गर्दै गरेको फोटो, मिसिल संलग्न श्रव्य/दृश्य रेकर्डहरू, प्रतिवादीहरुले गरेको श्रव्य/दृश्यको स्क्रिप्ट राईटिङ सनाखत कागज, दुर्गादिवी शाहको हकवालाहरू सुरज शाह ठकुरी, सुनिल शाह ठकुरी, गीता देवी शाह र ध्रुबसिङ ठकुरीसँग प्रतिवादीहरु तुल्सीराम बुढा मगर र याम कुमारी गुरुङले गरेको करारनामा कागज, मालपोत कार्यालय, कास्कीमा भएको स्थलगत मुचुल्का, प्रतिवादीहरुले प्रयोग गर्ने मोबाइल नम्वरहरूको Call Details Report (CDR), SMS & User Details, Tower Location सहितको विवरण, CDR/Location को Link Chart, प्रतिवादीहरू राजकुमार गुप्तासमेतको मोबाइल परीक्षण प्रतिवेदन, डिजिटल फरेन्सिक युनिटको श्रव्य/दृश्य छेडखानी सम्वन्धी परिक्षण प्रतिवेदन, नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, डिजिटल फरेन्सिक ल्याबको स्वर (Voice Spectrum Analysis-VSA) परीक्षण प्रतिवेदन, प्रतिवादीहरूको पोलिग्राफ परीक्षण गर्न ईन्कार गरेको प्रतिवेदन, यिनै प्रतिवादी रन्जिता श्रेष्ठ समेतले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान/ततिम्बा बयान, अनुसन्धानको क्रममा बुझिएका सुरेश गौचन, राजेश गुरुङ, रमेश प्रताप जंग राणा, भिम बहादुर भण्डारी, दावा कुमार तामाङ, पदम न्यौपाने, बिक्रम सिंह तामाङ, उजुरी निवेदक परिवर्तित नाम मोरङ्ग १०(२०८२), प्र.ना.नि. यान बहादुर कुँवर, प्र.ह. डोलनाथ ढकाल, प्र.स.नि. सन्तोष कुमार चौधरी, प्र.स.नि. रोशन लोहनी, राजन गुरुङ्ग, रविलाल पन्थ समेतले गरेको छुट्टाछुट्टै घटना विवरण कागज, प्रतिवादी याम कुमारी गुरुङको नाममा रहेको गरिमा विकास बैङ्क र मुक्तिनाथ विकास बैङ्क, प्रतिवादी तुल्सीराम बुढा मगरको नाममा रहेको गरिमा विकास बैंक र दावा कुमार तामाङको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | नाममा रहेको स्ट्याण्डर्ड चार्टर्ड बैंकको खाताको बैङ्क स्टेटमेन्ट सहितको विवरण समेतका प्रमाण कागजातहरु एवं यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतवाट **नापी सर्वेक्षक बाल मुकुन्द श्रेष्ठ विरुद्द नेपाल सरकार**[१६] **भएको मुद्दामा** "कुनै प्रमाणको ग्राह्यताका सम्बन्धमा विचार गर्दा तीनवटा कुराहरू सम्बद्धता (relevance), विश्वसनीयता (reliability) र वजन (weight) महत्त्वपूर्ण मानिने। सम्बद्धता मुद्दामा ठहर गर्नुपर्ने कुरालाई प्रमाणित वा खण्डन गर्न सहायता पुर्याउने आधारमा यकिन गरिने हुन्छ भने विश्वसनीयता प्रमाणको स्रोतको आधारमा यकिन गरिने। प्रमाणको वजन प्रमाणको प्रकृतिबाट जस्तो प्रत्यक्ष प्रमाण हो वा परिस्थितिजन्य प्रमाण हो भन्ने आधारमा यकिन गरिने । यस पृष्ठभूमिमा अडियो रेकर्डिङको प्रमाण ग्राह्यताका सम्बन्धमा विचार गर्दा हाम्रो प्रमाण कानूनले यस प्रकारको रेकर्डिङलाई प्रमाणमा लिन नहुने गरी व्यवस्था भएको नपाइने" भनि प्रतिपादित सिद्धान्त र प्रतिवादीको ईन्कारी बयानको हकमा **किरण वि.क. विरुद्ध नेपाल सरकार, कर्तव्य ज्यान**[१७] मुद्दामा "कुनै प्रतिवादीले आफू संलग्न वारदातका सम्बन्धमा अनुसन्धान अधिकारीसमक्षको बयानमा आरोपित कसुर स्वीकार गरी अदालतसमक्षको बयानमा असत्य वा झुठो कुरा व्यक्त गर्न सक्दछ तर परिस्थिति र तथ्यले कहिल्यै झुठो बोल्दैन भन्ने मान्यताको जगमा परिस्थितिजन्य प्रमाणको सिद्धान्त अडेको हुन्छ । अप्रत्यक्ष प्रमाणको आधारबाट पनि अदालतले विवादको सही निरूपण गर्नुपर्ने हुन्छ। अपराधीले सदा कसैले देखे गरी अपराध नगर्ने र अपराधसँग सम्बन्धित दशी प्रमाणसमेत नष्ट गर्ने प्रयास गर्ने हुँदा फौजदारी मुद्दामा परिस्थितिजन्य प्रमाणबाट पनि दोषी पत्ता लगाउनु पर्ने बाध्यता रहने। कुनै पनि प्रतिवादीले प्रत्यक्ष प्रमाण (Direct Evidence) नष्ट गर्न सक्ने र प्रत्यक्षदर्शीको अभाव रहेको अवस्थामा पनि दोषी पत्ता लगाउनु पर्ने अवस्थामा परिस्थितिजन्य (Circumstantial Evidence) प्रमाणको सहारा लिनु पर्ने हुन्छ। यस्तो अवस्थामा प्रतिवादीले परिस्थितिजन्य प्रमाणलाई दबाउन, लुकाउन वा तोडमोड गर्न कठिन हुने हुँदा प्रत्यक्ष प्रमाणभन्दा यो बढी विश्वासयोग्य मानिने" भनि प्रतिपादित नजिर सिद्धान्त समेतको आधारमा आधारमा यि प्रतिबादी रन्जिता श्रेष्ठलाई विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेमा निज प्रतिवादीलाई रु. ५०००००।—(पाँच लाख मात्र) धरौटी माग गर्ने गरी भएको उक्त आदेश बेरितको देखिंदा सो वेरितको आदेश बदर गरी प्रतिवादी रन्जिता श्रेष्ठलाई थुनामा राखी मुद्दाको पुर्पक्ष पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिन्छ। |

[१६] ने.का.प. २०८१, अंक ९, नि.नं. ११३५२

[१७] ने ,७अंक ,२०७५.प.का.नि (१००५७ .नं.